हचियोजी सिटी

2020 संस्करण

डिसेम्बर 2019 देखि जनवरी 2021

ネパール語版

नेपाली संस्करण

# फोहर मैला तथा पुन:प्रयोग वस्तु बारे अतिरिक्त निर्देशिका संकलन तालिका

## अतिरिक्त निर्देशिका (नेपाली संस्करण)

यो निर्देशिकाले पाठकहरुलाई तालिका बुझ्न सहयोग गर्छ।
जापानी भाषामा छापेको तालिकाको साथमा यो निर्देशिकाको प्रयोग गर्नुहोस् ।

"कुरुरी"
पुन:प्रयोगको चिन्ह




**हामी (500,000 भन्दा धेरै मानिसहरू भएका शहरहरूका लागि) प्रति दिन प्रति व्यक्ति न्यूनतम फोहोर गर्नका लागि जापानमा No.1 हुन सम्मानित छौं। (2017 मा मापन गरिएको)**
**फोहोर कम गरेर र छुट्टाएर हामीलाई यसलाई जारी राख्न मद्दत गर्नुहोस्।**

ठुला आकारका फोहोर मैला सङ्कलनको लाडि समय सुरक्षण निु, वा फोहोर मडहला र पुन: प्रयोा हुने सामान बारेमा अन्य डजज्ञासा हरूको लाडि फोहोर मैला व्यवस्थापन सुझाब केन्द्रमा सम्पकु निुहोला।

ナビダイヤル® **0570-550-530**

नेभिगेसन नम्बरमा फोन गर्न सम्भव नभएमा, ☎ **042-696-5377** मा फोन गर्नुहोला ।

विषय-सुचि


| | |
|---|---|
| महत्वपुर्ण सुचना | पेज 2 |
| नेपालीमा विवरण | पेज 3 |
| फोहर मैला तथा पुन:प्रयोग हुने वस्तु व्यस्थापन गर्ने तरिका ठुला आकारका फोहोरको | पेज 4-8 |
| व्यवस्थापन गर्ने तरिका | पेज 9-11 |
| वच्चाको डाइपर र स्वमंसेवक ब्याग | पेज 12 |
| नगरपालिकाले नउठाउने फोहोरहरु | पेज 13 |
| सम्पर्क | पेज 14 |

# तोकिएको फोहोर फाल्ने थैलोमा हालेर फोहोर फाल्नुहोला !!

"हाचिओजि नगरपालीकाबाट तोकिएको भन्दा बाहेकको थैलामा फालेको फोहोरमैला उठाइने छैन ।"

## कुहिने फोहोरमैला

### भान्छाबाट निक्लने फोहोरमैला



### बेन्तोका बाकस तथा प्याकेटहरु



### चुरोट



### प्लास्टिकका खेलौनाहरु



### स्टेशनरी सम्बन्धि



### जुत्ता, पर्स तथा पेटीहरु (छालाका सामान)



### कुहिने फोहोरमैलाको लागि प्रयोग गर्ने प्लास्टिक थैलो




थप जानकारीको लागि पेज नम्बर 5 मा हेर्नुहोला ।

## नकुहिने फोहोरमैला

### धातुजन्य



### सिसाजन्य



### सेरामिकका सामानहरु



### नकुहिने फोहोरमैलाको लागि प्रयोग गर्ने प्लास्टिक थैलो




थप जानकारीको लागि पेज नम्बर 6 मा हेर्नुहोला ।

वडा अनुसार फोहोर उठाउने दिन र बार फरक हुने भएकोले सम्बन्धित फोहोर संकलन तालिका हेर्नुहोला (जापानी संस्करण)




नजिकको सुपरमर्केट तथा कन्भिनेन्स स्टोरमा कुहिने फोहोरमैला तथा नकुहिने फोहोरमैला फाल्ने थैलो किन्न पाईन्छ ।



फोहोर फाल्ने स्थान र फोहोर वर्गिकरण गर्ने तरिका सम्बन्धि थप जानकारीको लागि पेज नम्बर 4 हेर्नुहोला ।

# नेपालीमा विस्तृत विवरण

### कुहिने फोहोर




### प्लास्टिकका ट्रे, प्याकेज, बोतलहरु



### खाली क्यानहरु



### समाचारपत्र



### नकुहिने फोहोर




### जुस् आदिका खाली  बोतलहरु




### सिसाका बोतल



### पुराना लत्ता-कपडाहरु



### स्प्रे क्यान आदी जस्ता विषाक्त फोहोर




### पत्रिका (म्यागजिन), दुधका प्याकेट तथा अन्य कागजी फोहोर



### कार्टुन बक्स



## फोहोर संकलनको लागि तोकिएको थैलो / फोहोर फाल्ने बेलामा पालन गर्नुपर्ने नियमहरु

### कुहिने फोहोर र नकुहिने फोहोर फाल्नको लागि हाचीओजी नगरपालीकाले तोकेको थैलोको प्रयोग गर्नुहोला । अन्य थैलोमा फालिएको फोहोर उठाइने छैन ।

कुहिने फोहोरको लागि तोकिएको थैलो




नकुहिने फोहोरको लागि तोकिएको थैलो




◎तोकिएको थैलोको प्रकार र मुल्य ※प्रति प्याकेट (10 ओटा थैलो भएको)

| | सबै भन्दा सानो (5 लिटर) 420 मिमि×180मिम | सानो (10 लिटर) 500 मिमि×260 मिम | मध्यम (20 लिटर) 600 मिमि×350 मिमि | ठूलो (40 लिटर) 750 मिमि×450 मिम |
|---|---|---|---|---|
| कुहिने फोहोरको लागि मात्र (निलो) | 90 जापानि येन | 180 जापानि येन | 370 जापानी येन | 750 जापानी येन |
| नकुहिने फोहोरको लागि मात्र (निलो) | 90 जापानि येन | 180 जापानि येन | 370 जापानी येन | 750 जापानी येन |

◎ स्टिकर अथवा विज्ञापन छापिएका फोहोर फाल्ने थैलीहरु बजारमा किन्न पाइन्छ ।
◎ ठूलो (40 लिटर) थैलो केहि स्टोरहरुमा प्रति थैलो 75 येनमा छुट्टै खुद्रामा पनि बेचिन्छ ।
थप जानकारीको लागि हाचीओजी नगरपालीकाको आधिकारीक वेबसाइट अथवा फोहोर नियन्त्रण शाखामा सम्पर्क गर्नुहोला ।
(☎042-620-7256)

八王子市袋取扱店 खोज्नुहोस्

八王子市
家庭用一般廃棄物
指定収集袋取扱店

### तोकिएको दिन र बार तथा तोकिएको स्थानमा फोहोर फाल्नुहोला ।

फोहोरलाई ठिकसंग वर्गिकरण गरेर फाल्नुहोस् ।
**फोहोर उठाउने दिनको बिहान 8 : 30 बजे भित्र** फोहोर फाल्नुहोला ।

सडक जामको अवस्था र फोहोरको परिमाण अनुसार फोहोर उठाउने समय केहि ढिला हुन पनि सक्छ ।
उठाउने समयभन्दा पछि फालिएको फोहोर उठाइने छैन ।
तपाँईको सहयोगप्रति सदैव आभार प्रकट गर्दछौं ।

#### फोहोर फाल्ने स्थान

आफ्नो व्यक्तिगत निजी घरमा बसोवास गर्नेहरु



फोहोरलाई सडक तर्फको आफ्नो जग्गामा फाल्नुहोला ।

मानसन, अपार्टमेन्टमा बसोवास गर्नेहरु




फोहोरलाई तोकिएको स्थानमा फाल्नुहोला ।

## व्यवसायबाट निस्केका फोहोरमैला

### अफिस तथा कार्यालायले आफुले निकालेको फोहोर मैला आफैले व्यबस्थापन गर्नु पर्नेछ ।

व्यवसायीक फोहोर मैला घरायसी फोहोरको रुपमा फाल्न पाइने छैन ।
फोहोर संकलन गर्ने कम्पनिसंग सम्झौता गरेर फोहोर संकलन गराउने व्यबस्था गर्नुहोला ।
गैर-व्यावसायीक कुहिने फोहोरलाई सिधै फोहोर संकलन केन्द्रमा लगेर पनि फाल्न सकिनेछ । (पेज नम्बर 11 हेर्नुहोला)
फोहोर व्यबस्थापन शुल्क प्रति 10 के.जी. को 350 येन

※नकुहिने (व्यवसायीक फोहोर) लाई सिधै नगरपालीकाको फोहोर संकलन केन्द्रमा लगे पनि लिइने छैन ।

### थोरै परिमाणका व्यबसायीक फोहोरको बारेमा

थोरै परिमाणमा फोहोर निस्कने (तल हेर्नुहोस्) व्यबसायीक कम्पनीहरुले नगरपालिकाको फोहोर संकलन व्यबस्थाको उपयोग गर्न सक्नेछन् । (दर्ता प्रणाली)

| | | एक पटकमा संकलन गरिने परिमाण | संकलन गरिने पटक |
|---|---|---|---|
| कुहिने फोहोरमैला | | 40 लिटर वा त्यो भन्दा तल | एक सातामा दुइ पटक |
| नकुहिने फोहोरमैला | | 80 लिटर वा त्यो भन्दा तल | प्रत्येक दुई सातामा एक पटक |
| बिषाक्त फहोरमैला | | नकुहिने फोहोरको 1 थैलो भरीसम्म | |
| कागज | कार्डबोर्ड, पत्रपत्रिकाहरू, कागज, कागज राख्ने भाँडाहरू | प्रत्येक प्रकारका 2 बण्डलहरूसम्म | प्रत्येक प्रकारका लागि प्रत्येक दुई हप्तामा एक पटक |
| | समाचारपत्र | दुई बण्डलहरूसम्म | महिनामा दुईपटक |

थप विवरणहरूका लागि, कृपया हाच्योजि शहरको वेबसाइटमा सन्दर्भ लिनुहोस् वा रद्दी टोकरी कटौती गर्ने विभाग (☎042-620-7256) मा सम्पर्क गर्नुहोस्

व्यबसायीक कुहिने फोहोर फाल्ने थैलो



व्यवसायीक नकुहिने फोहोर फाल्ने थैलो



तोकिएको थैलोको प्रकार र मुल्य ※प्रति प्याकेट (10 ओटा थैलो भएको)

| | 10 लिटर | 20 लिटर |
|---|---|---|
| कुहिने फोहोरमैला | 650 येन | 1300 येन |
| नकुहिने फोहोरमैला | | 1300 येन |

## मुख्य रुपमा कुहिने फोहोरहरु

### भान्छाबाट निस्केका फोहोर तथा शंखेकिरा सम्बन्धी फोहोर



### ह्याण्डिप्लास्ट तथा घाउ-चोट सफा गर्ने सामानहरु



### फोहोर कागज, गन्धित कागजी, डडटजेंट (सबुनको डब्बाहरु ), फोहोर इत्यादी



### प्याकेटको सामान सुख्खा बनाईराख्ने एक किसिमको पदार्थको साना प्याकेट र शरीर तताउने एक प्रकारको प्याड, डिसो पदाथु ।



### काजिका भाँडाहरु (गिाऊिको कप, दही को कप, आडद ) गिना बेनु प्रयो भिएका काजि, आडद



※पानीले नडभज्ने गिलेका काजी फोहोर पुनः प्रयो नि डमल्दैन |

### चुरोटका ठूटाहरु



### घर-पालुवा जनावरको ओछ्याउने, बालुवाजन्य फोहोर



## प्लास्टिकका सामान ( चिन्ह अंकित बाहेक), छालाजन्य सामान, रबरजन्य सामान ।

### सिडी, भिडियो टेप



### खेलौनाहरु



### स्टेशनरी सम्बन्धि



### छालाजन्य तथा रबरजन्य सामान



※हटाउन नसकिने मैला भएको चिन्ह अंकित फोहोर पनि यस भित्र पर्नेछ ।

फोहोर फाल्ने तरिका

### कुहिने फोहोरमैलाको लागि तोकिएको निलो रंगको थैलोको प्रयोग गर्नुहोला ।



### फोहोर व्यबस्थापन सम्बन्धी उपयोगी जानकारी

※भान्छाबाट निस्केका फोहोरलाई थैलोमा हाल्नु अगाडि राम्रो संग पानी तर्काउनुहोस् ।

※फोहोर हालेपछि थैलोको टुप्पोलाई राम्रोसंग बाँध्नुहोस् ।

※बाँसका सिन्का आदी जस्ता तीखा फोहोरले थैलोमा प्वाल पार्ने कुरामा सचेत हुनुहोस् ।

※बिराला तथा कागहरुले खोतल्नसक्ने हुनाले फहोरका थैलालाई जालीले छोप्नुहोस् ।

※थैलोमा राम्रोसंग नअट्ने तथा 5 केजी भन्दा बढी तौलका वस्तु ठुला आकारका फोहोर हुन् । त्यसैले तोकिएको थैलोमा हालेर फाले पनि उठाइने छैन ।
(9 - 11 पेज हेर्नुहोला ।)

### रुखका हाँगा-बिंगा

बढिमा 30 से.मि. चौडाइ र 60 से.मि. लम्बाइको मुठा बनाउने (5 से.मी.भन्दा मोटो हाँगा लाई मुठाभित्र नपार्ने)

एक पटकमा बढिमा दुई मुठासम्म फोहोर उठाइनेछ ।




### रुखका पात पतिंगर, लहरा तथा झार-पातहरु

यस्ता फोहोरलाई पारदर्शी अथवा अर्ध-पारदर्शी 45 लिटर भन्दा साना थैलामा फाल्नुहोला ।
थैलामा हाल्नु भन्दा अगाडी सकेसम्म मैला झार्नुहोला ।
एक पटकमा बढिमा दुई थैलासम्म फोहोर उठाइनेछ ।



फोहोर फाल्ने तरिका

सामान्यतया साताको सुरुतिर फोहोर मैलाको परिमाण धेरै हुने हुनाले सम्भव भएसम्म झारपात जस्ता फोहोरलाई साताको अन्तिम कुहिने फोहोर फाल्ने दिनमा फाल्नुहोस ।

दुइ मुठा हाँगा-बिंगा र दुइ थैलो झारपातका फोहोर एकै समयमा फाल्न सकिनेछ ।

※फोहोर फाल्ने उपयुक्त स्थानको जानकारीको लागि 4 पेज हेर्नुहोला ।

※ठुलो हावा-हुरीको बेलामा फोहोर, फोहोरका कन्टेनर, तथा अन्य पुन:प्रयोग हुने रिसाइकल वस्तुलाई उडाएर खतरापनि हुन सक्ने हुनाले त्यस्तो अवस्थामा अर्को दिनको तालिकामा फाल्नुहोला ।

※सङ्कलन अझैपनि पानी पर्ने दिनमा हुने छ। कृपया नवीकरणीय कागजको फोहोरमैलालाई प्लास्टिक ब्यागमा नराखीकन सामान्य रूपमा समान क्षेत्रमा राख्नुहोस्।

**फोहोर उठाउने दिनको बिहान 8 : 30 बजे भित्र फोहोर फाल्नुहोला ।**

[कार्टुन बक्स] [म्यागजिन, कागजका वस्तु, पुस्तक] [दुधका कागजका बट्टा] लाई छुट्टा छुट्टै वर्गीकरण गरेर फाल्नुहोस् ।

## समाचारपत्र, विज्ञापनका चिरासीहरु



※समाचारपत्रका साथमा आउने पर्चाहरुलाई पनि समाचारपत्रसंगै फाल्न सक्नु हुनेछ ।

※विज्ञापनका चिरासीहरुलाई समाचारपत्रसंग नभई म्यागाजीनसंग राखेर फाल्नुहोस् ।

फोहोर फाल्ने तरिका

डोरीले बाँध्नुहोस् । (समाचार पत्रको एजेण्ट मार्फत पत्रिका उठाउने गर्नु भएको छ भने डिलरको पर्चा पनि संगै टाँस्नुहोला ।)





## कार्टुन बक्स



कागजी टेपले कार्टुन बक्सलाई जोडेको यो ठाउँ चेक गर्नुहोस् ।



फोहोर फाल्ने तरिका

काटेर अथवा पट्याएर लगभग ५० सेमि जति वर्गाकार साइज बनाई डोरीले बाँध्नुहोला ।





※कार्टुन बक्समा टाँसेको कागजका गम टेपलाई उप्काउनुहोला ।

## म्यागजिन, कागजका वस्तु

पुस्तक, म्यागाजिन, बिस्कुटका बक्स, टिस्यु पेपरका बक्स, ट्वाइलेट पेपरका रोलहरु ।









※खानेकुरा ईत्यादिका मैला लागेका कागजहरु कुहिने फोहोरको रुपमा फाल्नु पर्छ ।

फोहोर फाल्ने तरिका

डोरीले क्रस हुनेगरी बाँध्नुहोस्, कागजको थैलोभित्र हालेर डोरीले क्रस हुनेगरी बाँध्नुहोस् ।





### विभिन्न कागजी फोहोर फाल्दा ध्यान दिनु पर्ने कुराहरु

१. कागजका साना-साना टुक्राहरुलाई कागजको थैलो अथवा समाचारपत्रको बिचमा हाल्नुहोस् ।
२. टिस्यु पेपरको बट्टाको मुखमा हुने प्लास्टिकलाई छुट्टाएर प्लास्टिक फोहोरसंगै फाल्नुहोस् ।
३. खामका प्लास्टिकलाई छुट्टाएर कुहिने फोहोरसंगै फाल्नुहोस् ।
४. झुरा पारिएका कागज फाल्दा, प्लास्टिक थैलोको प्रयोग नगर्नुहोला । बरु त्यसलाई छरपस्ट नहुनेगरि अरु म्यागाजिनको साथमा फाल्नुहोस् ।

## दुधका बट्टाहरु

दुध, जूस ईत्यादिका बट्टाहरु (बट्टाको भित्री चाँदी रंग, खैरो रंगका वाटर प्रुफ भएका समेत)





फोहोर फाल्ने तरिका

काटेर फिजाउनुहोस् ।



डोरीले क्रस हुनेगरी बाँध्नुहोस्



### दुधका बट्टा फाल्दा ध्यान दिनु पर्ने कुराहरु

१. हल्कासंग पानीले पाखाल्नुहोस् ।
२. काटेर फिजाउनुहोस् र सुकाउनुहोस् ।
३. यदि बट्टामा प्लास्टिकका बिर्का र मुख छ भने त्यसलाई बट्टाबाट छुट्टाउनुहोस् र प्लास्टिकसंग फाल्नुहोस् ।
४. यी वस्तु फाल्दा थैलो अथवा गम टेपको प्रयोग नगर्नुहोला ।

※फोहोर फाल्ने उपयुक्त स्थानको जानकारीको लागि 4 पेज हेर्नुहोला ।

※ठुलो हावा-हुरीको बेलामा फोहोर, फोहोरका कन्टेनर, तथा अन्य पुन:प्रयोग हुने रिसाइकल वस्तुलाई उडाएर खतरापनि हुन सक्ने हुनाले त्यस्तो अवस्थामा अर्को दिनको तालिकामा फाल्नुहोला ।

# ठुला आकारका फोहोर फाल्ने दुई तरिकाहरु छन् । 1. अग्रिम रुपमा समय लिई फोहोर उठाउनको लागि अनुरोध गरेर, 2. आफैले संकलन केन्द्र सम्म लगेर ।

(कुनैपन प्रकारको तोकिएको फोहोर थैलो वा सो सामानको बाकसको प्रयोग नगर्नुहोला ।)

ठुला आकारका फोहोर

## 1.फोहोर उठाउनको लागि अनुरोध(अग्रिम रुपमा समय लिएर मात्र)

### फोनमार्फत आवेदन

कार्यालय समय बिहान 8:30-साँझ 5:15 सोमबार - शुक्रबार (वर्षको अन्त देखि नयाँ वर्षको विदा बाहेकका राष्ट्रिय विदाका दिनहरुमा पनि उठाइनेछ ।)

※सोमबार, मंगलबार, विहिबार तथा राष्ट्रिय विदाको लगत्तै पछिका दिनका साथै आवेदन खुल्ला गरेको लगत्तै पछिका दिनमा अत्याधिक आवेदन आउने संभावना हुने हुनाले फोन लाग्न कठिन हुन पनि सक्छ ।

**सुरुमा फोहोरमैला व्यवस्थापन सुझाव केन्द्रमा फोन गर्नुहोला ।**

तपाँईको नाम, ठेगाना, फोन नम्बर, फोहोरको प्रकार, लम्बाई-चौडाई तथा परिमाण टिपाउनुहोस् ।

ナビダイヤル® **0570-550-530** ※नेभिगेसन नम्बरमा फोन गर्न सम्भव नभएमा, ☎042-696-5377 मा फोन गर्नुहोला ।

- कान कम सुन्नेहरुले 042-692-0900 नम्बरमा फ्याक्स गर्नुहोला । आफु कान नसुन्ने कुरा थाहादिनुहोला ।
- सार्वजनिक सहायता प्राप्त गर्ने व्यक्तिहरूका लागि, कृपया आफ्नो मुद्दा कार्यकर्तासँग पहिले नै परामर्श लिनुहोस् र त्यसपछि तपाईंले अपोइन्टमेन्ट निर्धारण गर्नका लागि फोन गर्दा हामीलाई जानकारी गराउनुहोस्।

**फोहोर-मैला व्यवस्थापन सुझाव केन्द्रले तपाँईलाई निम्नलिखित जानकारी प्रदान गर्दछ।**

- सम्बन्धित शाखाको फोन नम्बर
- जम्मा प्वाइन्ट (100 येन = 1 प्वाइन्ट)
- फोहोर उठाउने दिन (सोमबार देखि शुक्रबार वर्षको अन्त देखि नयाँ वर्षको विदा बाहेकका राष्ट्रिय विदाका दिनहरुमा पनि उठाइनेछ ।)

※आवेदनको क्रम अनुसार तपाँईलाई फोहोर उठाईने सबभन्दा नजिकको दिनको जानकारी दिइनेछ ।

### ईन्टरनेटमार्फत आवेदन

दिनको 24 घण्टानै आवेदन गर्न सकिनेछ । (मर्मत-सम्भारको समय बाहेक)

**हाडिओजी निरपालीकाको होमपेजमा जानुहोस**

URL http://www.city.hachioji.tokyo.jp/

keywords टाइप गरेर खोज्नुहोस् । 粗大ごみ　インターネット [खोज्नुहोस्]

"ठुला आकारका फोहोरको तालिका" बाट फाल्नु पर्ने वस्तुको संख्या उल्लेख गर्नुहोस् ।

तालिकामा उल्लेख नभएका वस्तुका लागि फोन मार्फत आवेदन दिनुहोला ।

**(अस्थायी) रसीद नम्बर मेलबाट आइपुग्ने छ।**

तपाईंको आवेदन यस समय पूरा भएको छैन।

**दता रिपडछ, तपाईंले ईमेल द्वारा दता पूरा भएको सूनि प्राप्त निहुनेछ।**

यदि यो तपाईंको (अस्थायी) रसीद नम्बर पठाएको 3 दिनभित्र आइपुग्दैन भने कृपया हामीलाई फोनबाट सम्पर्क गर्नुहोस्।

**तोकिएको स्टोरमा ठुला आकारका फोहोरको प्रोसेसिङ टिकट (स्टिकर) किन्नुहोस् ।**




माथिको चिन्ह टाँसेको स्टोरमा टिकट किन्न पाईन्छ ।




ठुला आकारका फोहोर फाल्नका लागि 500 येन ( पाँच प्वाईन्ट) र 100येन (एक प्वाईन्ट ) गरेर दुई प्रकारका प्रोसेसिङ टिकट(स्टिकर) पाईन्छ ।

"फोहोरमैला व्यवस्थापन सुझाव केन्द्र" दिएको आवेदन अनुसार त्यहि संख्यामा टिकट (स्टिकर) खरिद गर्नुहोला ।




**ठुला आकारका फोहोरलाई तोकिएको संकलन गर्ने दिनमा फाल्नुहोस् ।**

ठुला आकारका वस्तुमा फोहोर-मैला व्यवस्थापन सुझाव केन्द्रको निर्देशन अनुसार स्टिकर टाँसेर उठाउने दिनको बिहान 8:30बजे भन्दा अगाडि फाल्नुहोस् ।






आफ्नो व्यक्तिगत निजी घरमा बसोवास गर्नेहरुले सडक तर्फको आफ्नो जग्गाभित्रै निकालेर राख्नुहोला । मानसन, अपार्टमेन्टमा बसोवास गर्नेहरुले तोकिएको ठाउँमा निकालेर राख्नुहोला ।

※050- बाट सुरुहुने फोनहरुमा नाभिगेसन डायलको सुविधा नहुन पनि सक्छ । यस्तै फ्रि-कल, फ्लाट कल रेटको सुविधा लिएका मोबाइल फोनबाट पनि यो सुविधा उपयोग गर्न नमिल्न पनि सक्छ ।

# ठुला आकारका फोहोरका प्वाइन्ट तालिका

तालिकामा उल्लेख नभएका वस्तुका लागि फोहोर-मैला संकलन सुझाव केन्द्रमा सम्पर्क गर्नुहोला (फोन नम्बर 0570-550-530 )



| फर्निचर | |
|---|---|
| **सामान** | **प्वाइन्ट** |
| वार्डरोब तथा गार्मेन्टका सुटकेस, लत्ता कपडा राख्ने बाकसहरु | 2 |
| कुर्सिहरु, खुट्टा नभएका कुर्सिहरु | 2 |
| हलुका खालका सेफहरु | 2 |
| ऐनाका स्टान्डहरु, ड्रेसिङ टेबल (कुर्सि समेत) , ठुला आकारका ऐना | 2 |
| टि-टेबल | 5 |
| सोफा (सिंगल) | 5 |
| सोफा (2 जना वा सो भन्दा बढी) | 10 |
| कप बोर्ड(र्याक): बढिमा 100 सेमिसम्म लम्बाइका (टिभि र्याक समेत) | 5 |
| कप बोर्ड(र्याक): 100 सेमि भन्दा बढि लम्बाइका (टिभि र्याक समेत) | 10 |
| डेस्क, पढाइ लेखाइ गर्ने डेस्क, बच्चाको डेस्क (कुर्सि नभएका) | 10 |

| फर्निचर र कार्पेट | |
|---|---|
| **सामान** | **प्वाइन्ट** |
| कार्पेट (6 तातामी (लगभग 11 वर्गमिटर) भन्दा साना साइजका) | 2 |
| कार्पेट (6 तातामी (लगभग 11 वर्गमिटर) भन्दा ठुला साइजका) | 5 |
| फुतोन-सिरक डस्रा (1 फुतोनको 2 प्वाइन्ट, कुस्योन बाहेक) | 2 |
| बेड: पार्ट पुर्जा टुक्राउन मिल्ने / पाइप टाइपका बेड (सम्पुर्ण भाग) | 10 |
| बेड: विद्युतीय | 20 |
| दुइ तल्ले बेड (सम्पुर्ण भाग) | 20 |
| बेड माट्रेस डल्लप (सिङ्गल, सेमि-डबल) | 5 |
| बेड माट्रेस डल्लप (डबल बेड वा त्यो भन्दा ठुला ) | 10 |
| बेड माट्रेस डल्लप (धातुका स्प्रिङ नभएका ) | 2 |
| बेड फ्रेम (सिङ्गल, सेमि-डबल, डबल) | 10 |

| घरायसी सामानहरु (एयर-कन्डिसनका यन्त्रहरु) | |
|---|---|
| **सामान** | **प्वाइन्ट** |
| पेट्रोलियमले चल्ने हिटरहरु | 10 |
| टेबल टाइपका कोतात्सु | 10 |
| कोतात्सु (फ्रेम टाइपका मात्र) | 2 |
| कोतात्सुको टेबल | 2 |
| हिटर, पानेल हिटर, फ्यान हिटर | 2 |
| एयर फ्यान | 2 |

| घरायसी सामानहरु (किचेनका सामानहरु) | |
|---|---|
| **सामान** | **प्वाइन्ट** |
| ग्यास-स्टोभ | 2 |
| हट-केस, माइक्रोवेभ र्याक | 5 |
| डिस वासर, सुकाउने मेसिन | 2 |
| माइक्रोवेभ | 5 |
| विद्युतीय भाँडाकुँडाहरु | 2 |

| बच्चाका सामानहरु | |
|---|---|
| **सामान** | **प्वाइन्ट** |
| एक पांग्रे साइकल | 2 |
| तीन पांग्रे साइकल | 2 |
| बेबि सिट | 2 |
| वेवी कार, प्ले पेन (खेल्ने पार्टेसन) | 2 |
| बेबि बेड | 5 |

| श्रव्य-दृश्यका सामान | |
|---|---|
| **सामान** | **प्वाइन्ट** |
| एन्टिना तथा BS एन्टिना | 2 |
| श्रव्यमालका सामान | 2 |
| घरायसी प्रयोगका फोटोकपी मेसिन | 5 |
| कम्प्युटर र्याक | 5 |
| प्रीन्टर | 2 |
| अल इन वान मिनी स्टेरीओ सेट | 2 |

| सौखजन्य सामानहरु | |
|---|---|
| **सामान** | **प्वाइन्ट** |
| डग हाउस (साना खालका कुकुरको लागि) | 2 |
| विद्युतीय कि-वोर्ड टेबल (विद्युतीय कि-वोर्ड, कुर्सि रहित) | 20 |
| विद्युतीय कि-वोर्ड (कुर्सि रहित) | 10 |
| होम ट्रेनिङका सामान (साइक्लिङ) | 10 |
| होम ट्रेनिङका सामान (ट्रिएडमिल) | 20 |
| होम ट्रेनिङका सामान (रोवीङ मेसिन) | 5 |
| म्युजिकल कि-वोर्ड | 2 |
| गितार | 2 |
| कुलर बक्स (पेय पदार्थ ईत्यादी चिसो बनाईराख्ने भाँडो) | 2 |
| गल्फ क्लब्स (प्रत्येक 5 ओटाको 2 प्वाइन्ट) | 2 |
| गल्फ ब्याग | 2 |
| माछा पाल्ने व्याङ्गी (आक्युरियम) | 2 |
| सुटकेस | 2 |
| स्की (स्टोक सहित), स्नो वोर्ड | 2 |
| मसाज मेसिन (कुर्सि टाईप) | 20 |

| अरु | |
|---|---|
| **सामान** | **प्वाइन्ट** |
| एकोर्डिओन कर्टेन, ब्लाइन्ड सेड | 2 |
| स्क्रिन डोर, स्योजी स्क्रिन, फुसुमा डोर | 2 |
| कोठाको आद्रता (सुख्खापन) घटबढ गराउने मेसिन | 2 |
| पोर्टेबल ट्वाइलेट | 2 |
| स्टेप स्टुल (भर्याङ) | 2 |
| ह्विल चेयर (विद्युतीय, ब्याट्री झिकिएको) | 10 |
| ह्विल चेयर (विद्युतीय ह्विल चेयर बाहेक) | 5 |
| टिनका क्यान तथा बक्स जन्य फोहोर | 2 |
| साइकल | 5 |
| भुइँको झार काट्ने मेसिन (ईन्जिन नभएको) | 2 |
| प्रकाशीय यन्त्र | 2 |
| सपिङ कार्ट | 2 |
| रीड (ढड्डी) तथा वाँसका स्क्रिन (छेकोहरु) | 2 |
| डक वोर्डहरु | 2 |
| ब्याकुम क्लिनर | 2 |
| तातामी म्याट्रेस | 5 |
| पाइपका ह्याङ्गर, फुतोन ह्याङ्गर, फोल्डिङ गर्न मिल्ने लुगा सुकाउने ह्याङ्गर | 2 |
| स्टेप भर्याङ (उचाई घटबढ गर्न मिल्ने) | 5 |
| स्टेप भर्याङ (उचाई घटबढ गर्न मिल्ने बाहेक) | 2 |
| सिलाउने मेसिन (टेबल टाइप) | 2 |
| सिलाउने मेसिन (टेबल टाइप बाहेक) | 10 |
| सेड (भुईं को क्षेत्रफल 1 तातामी (लगभग 1.6 वर्गमिटर), सबै पार्ट छुट्टाएको) | 10 |
| सेड (भुईं को क्षेत्रफल 1 तातामी (लगभग 1.6 वर्गमिटर) भन्दा ठुला र 2 तातामी (लगभग 3.2 वर्गमिटर) भन्दा साना, सबै पार्ट छुट्टाएको) | 20 |
| धोएको लुगा सुकाउने ह्याङ्गरको लट्ठा | 2 |

■निर्दिष्ट गरिएका सङ्कलन ब्यागहरूमा फिट हुने र 5 किलोसम्मका वस्तुहरू सामान्य जलाउन सकिने/ जलाउन नसकिने फोहोर दिनमा निर्दिष्ट गरिएको सङ्कलन ब्यागमा सङ्कलनका लागि राख्न सकिन्छ।

■यि माथी उल्लेख गरिएको ठुला आकारका फाल्ने वस्तुका प्वाइन्ट हुन् ।
एकै प्रकारका सामान 1 भन्दा बढि संख्यामा फाल्ने हो भने तोकिएको प्वाइन्टलाई वस्तुको संख्याले गुणा गर्नुहोस् ।

■केहि वस्तुहरुको सिमित रुपमा मात्र आवेदन बुझिने छ ।

## ठूला आकारका फोहोरको लागि स्टिकर टाँस्नको लागि जानकारी

(अगाडि) (पछाडी)

आफ्नो नाम अथवा आवेदन दर्ता नम्बर लेख्नुहोस् ।

आवेदन गर्ने बेलामा फोहोर संकलन गर्ने मिति लेख्नुहोस् ।




अझैपनि प्रयोग गर्न सकिने वृहत मैला वस्तुहरुका लागि, हाम्रो शहरले तिनीहरुलाई पुन: प्रक्रिया र रिसाइकल गर्दछ। **यदि तपाईं आफ्नो वस्तु रिसाइकल नहोस् भन्ने चाहनुहुन्छ भने कृपया ☐ मा ✓ राख्नुहोस्।**

फोहोर संकलन गर्ने दिन सम्म यसलाई साथमा राख्नुहोला ।

## सावधानीहरु:

- **फोहोर संकलन गर्ने बेलामा तपाँई उपस्थित हुनु आवश्यक छैन ।**
  बिहानको 8 :30 बजेभन्दा अगाडि तोकिएको स्थानमा सामान निकालेर राखिसक्नुहोला ।
- **आवेदमा उल्लेख नगरिएका सामान उठाइने छैन ।**
  फोहोरमैला व्यवस्थापन सुझाव केन्द्र बाट उपलब्द ठूला आकारका फोहोर संकलन शुल्क उल्लेख भएको टिकट टाँस्नु होला ।
- **नगरपालिकाबाट व्यवसायीक प्रयोजनका ठूला आकारका सामान संकलन गरिने छैन ।**
  घरायसी प्रयोजनका ठूला सामान मात्र संकलन गरिने छ ।
- **पुन: प्रयोग हुने सामान तथा कम्प्युटरको संकलन गरिने छैन ।**
  पुन: प्रयोग हुने सामान जस्तो " टेलिभिजन, फ्रिज, वासिङ मेसिन, लुगा सुकाउने ड्रायर, एयर कन्डिसन इत्यादी" तथा पुन: प्रयोग हुने पर्सनल कम्प्युटर जस्तो "डेस्क टप बडि, डिस्प्ले, ल्यापटप इत्यादी, ठूला आकारका फोहोरमा संकलन गरिने छैन । (पेज नम्बर 13 हेर्नुहोला ।)

## 2. तपाँई आफैले संकलन केन्द्रमा लिएर आउने हो भने (आरक्षण आवाश्यक छ)

<शुल्क> प्रति 10 केजीको 350 येन (0 देखि 10 केजी सम्म 350 येन शुल्क लाग्नेछ । त्यो भन्दा बढि प्रत्येक 10 केजीको लागि थप 350 शुल्क लाग्नेछ ।)
तोकिएको फोहोर फाल्ने थैलोको प्रयोग नगर्नुहोला । पारदर्शी अथवा अर्ध-पारदर्शी थैलोमा हालेर फाल्नुहोला ।
ठूला आकारका फोहोर लिएर आउँदा, **हाचीओजि नगरपालीकाको वासिन्दा हो भन्ने कुरा प्रस्ट हुने परिचय पत्र (जस्तो सवारी चालक अनुमतिपत्र) साथमा लिएर आउनुहोला**




### तोबुकि क्लिन सेन्टर (तोबुकि फोहोर जलन भट्टी) 1916 तोबुकि-माची

सेप्टेम्बर 2018 देखि, टोबुकी सरसफाई केन्द्रमा ठुला आकारका फोहोर मैला व्यवस्थापनको लाडि अब समय सुरक्षणको आवश्यकता पदुछ।
तपाईले फोहोर मैला व्यवस्थापनको लाडि अडिम आवेदन नि पनेछ।

सोमवारदेखि शुक्रबार सम्म समय सुरक्षण (बूडकं)प्राप्त रिरन्छ (राडररय डबदाका डदनहरु सडहत तर अखिम र नयाँ वर्को अवडध बाहेक )
समय डबहान 9 बजे देखि 4 बजे डभत्र (☎042-696-5851)
(सुन्नमा बाधा भएका व्यक्विहरुको लाडि यो फ्याक्स नम्बर (042-691-8678) द्वारा डनवेदन नि सडकनेछ)
फोहोर मैला व्यवस्थापन: सोमबार देखि शुक्रबारसम्म (राडररय डबदाहरू सडहत, अन्त्य / नयाँ वर अवडध बाहेक) र हरेक मडहनाको तैथो आइतबार
समय डबहान 8:30 बजे देखि 4 बजे डभत्र




### टामा फोहोर जलन भट्टि 2-1-1 काराकिदा, टामा शी

टामा न्यू टाउन डिस्ट्रीकका बासिन्दाले टामा फोहोर जलन भट्टि बाहेक वायाँपट्टि उल्लेखित स्थानमा पनि फोहोर लिएर आउन सक्नेछन् । (पेज नम्बर 14 हेर्नुहोला ।)

कार्यालय समय: सोमबार देखि शुक्रबार, वर्षको अन्त देखि नयाँ वर्षको विदा, राष्ट्रिय विदा तथा हरेक महिनाको चौथो आइतबार बाहेक
बिहान 8:30 देखि 11:30 तथा अपरान्ह 1:00 देखि 4:30

※मिनामी ओसावा फोहोर-मैला संकलन केन्द्रमा अग्रिम रुपमा सम्पर्क गर्नुहोला । (☎042-674-0551)
महिनाको चौथो आइतबार संकलनकेन्द्रमा लिएर आउने हो भने , दुई दिन अगाडिको शुक्रबार भित्र सम्पर्क गरेर समय लिनुहोला ।
(सुन्नमा बाधा भएका व्यक्विहरुको लाडि यो फ्याक्स नम्बर (042-677-5971) द्वारा डनवेदन नि सडकनेछ)

## डायपरको लागि तोकिएको थैलो

### डायपरको लागि तोकिएको थैलो



शहर भित्र बसोबास गर्ने (अस्थायी बासिन्दा जस्तो बच्चा जन्माउनको लागि हाचीओजीको माइतीघरमा आएका महिला) बच्चा अथवा 65 वर्ष भन्दा माथि वृध्द-वृध्दाहरु, 40 वर्ष देखि 65 वर्ष व्यक्तिहरु, स्याहार-सुसार बिमा व्यवस्थाको 1 क्लास अथवा माथीको सुविधा लिएकाले प्रयोग गरेका डायपरको लागि थैलाहरु उपलब्द छन् । प्रति व्यक्ति 30 थैलो वितरण गरिन्छ ।

**फोहोर फाल्ने तरिका**

- संकलन क्षेत्र तथा बार कुहिने फोहोर अनुसारनै हुनेछ ।
- दिसा-फोहोरलाई ट्वाइलेटमा बगाउनुहोस् ।
- डायपरमा फोहोर लतपतिएको छ भने पारदर्शी अथवा अर्ध- पारदर्शी थैलोमा हालेर त्यसपछि तोकिएको थैलोमा हाल्नुहोला ।

- डायपरको थैलोमा अरु घरायसी फोहोर-मैला नहाल्नुहोला ।
- डायपरको थैलोमा घरपालुवा जनावरका विछ्याउने नहाल्नुहोला ।

दुई साइज (20 लिटर र 10 लिटर) का थैलाहरु उपलब्द छन् ।

## स्वयंसेवक थैलो

### स्वयंसेवक थैलो



व्यक्तिले अथवा कुनै संस्थाले सार्वजनिक स्थल (सडक, पार्क इत्यादी) बाट थुपारेका वस्तुलाई स्वयंसेवक थैलोमा हालेर फाल्न सक्नु हुनेछ । व्यक्तिको हकमा एक पटकमा 20 ओटा थैलासम्म र संस्थाको हकमा एक पटकमा 500 ओटा थैलासम्म वितरण गरिनेछ । 500 ओटा थैला (1 कार्टुन बक्स) को माग आएको अवस्थामा सम्बन्धित ठाउँ सम्म पठाइनेछ । फोहोर मैला नियन्त्रण शाखामा सम्पर्क गर्नुहोला । (☎042-620-7256)

**फोहोर फाल्ने तरिका**

- कुहिने, नकुहिने, पुन:प्रयोग हुने वस्तु भिन्ना भिन्नै थैलोमा हालेर सम्बन्धित वर्गिकरणमा गोलो चिन्ह लगाउनुहोस् ।
- कुहिने, नकुहिने, पुन:प्रयोग हुने वस्तु तोकिएको थैलोमा हालेर तोकिएको स्थान र तोकिएको दिनमा फाल्नुहोस् ।
- संगठित सर-सफाई कार्यक्रमबाट संकलन भएको अत्याधिक परिमाणको फोहोर-मैलाको लागि संकलन केन्द्रमा अग्रीम रुपमा खबर गरेर संकलनको लागि अनुरोध गर्नुहोस् । (पेज नम्बर 14 हेर्नुहोला)

- घरायसी फोहोर-मैला (हाँगा-बिँगा तथा झारपात) भत्काएका घर तथा कम्प्लेक्स, कार्यालय, सार्वजनिक संस्था (स्कुल, सामुदायीक केन्द्रहरु ईत्यादी) बाट उत्पति भएका फोहोरमैलाहरु यो वर्गिकरण मा पर्दैन ।
- इभेन्ट , फेस्टिबल ईत्यादीका फोहोरलाई स्वयंसेवक थैलोमा फाल्न मिल्दैन ।

दुई साइज (45 लिटर र 20 लिटर) का थैलाहरु उपलब्द छन् ।

## वितरण केन्द्रको लिस्ट

| वितरण क्षेत्र | डायपरका लागि तोकिएको थैलो | स्वयंसेवक थैलो |
|---|---|---|
| सिटि हल (दोस्रो तल्ला), फोहोर-मैला नियन्त्रन शाखा, सबै फोहोर संकलन केन्द्र, सबै नागरिक शाखा अफिसहरु (सिमिन-बु), सबै सामुदायीक केन्द्रहरु, आत्ताका हल, मर्मत केन्द्रहरु, सबै स्वास्थ्य तथा कल्याण केन्द्रहरु, क्षेत्रिय बाल-बालिका तथा परिवार सपोर्ट केन्द्र मिनामिनो , ईच्यो हल, गासि आसाकावा ट्राफिक पार्क, कियोका ट्राफिक पार्क, स्वयंसेवक केन्द्रहरु (मिनामि ओसावा ब्रान्च समेत) फुजिमोरीको जिम्नाजिअम | ○ | ○ |
| सिटि हल (चौथो तल्ला) बाल बिकास सहारा शाखा, सिटि हल (पहिलो तल्ला) वृध्द-वृध्दा नागरिक साहारा शाखा, शारीरिक अपांग कल्याण शाखा, सिटि हल तहखाने तल्ला लाईफ वेलफेर फर्स्ट डिभिजन, जन- स्वास्थ्य कार्यालय तेस्रो तल्ला स्वास्थ्य नीति शाखा, नगरपालिका भित्रका सम्पुर्ण बाल गृहहरु, नगरपालिकाका सम्पुर्ण नर्सरी स्कुलहरु, स्थानीय निरपाडलका बालबाडलकाको सुडवधा (केडह अपवादहरू) असाहाय व्यक्ति कल्याण केन्द्र, सम्पुर्ण वृध्द-वृध्दा राहत परामर्श केन्द्रहरु, ओयाको फुरेआइ हिरोबा, कुरिच्यान हिरोबा (क्रियट हल 1 तल्ला), ओयाको फुरेआइ हिरोबा मिनामी-ओसावा, क्षेत्रिय बाल-बालिका तथा परिवार सपोर्ट केन्द्र (मोतो हाचिओजी मिनामि- ओसावा, ताते र ईसिकावा), युमे-किड्स बाहेक सबै "चुदोइ नो हिरोबा" | ○ | × |
| सिटि हल (पाँचौ तल्ला), पार्क शाखा, उपभोक्ता आगन्तुक केन्द्र (क्रियट हल तहखाने 1 तल्ला) | × | ○ |

※डायपरको लागि तोकिएको थैलोको लागि प्लास्टिक कन्टेनर संकलन स्टाफलाई सम्पर्क गर्नुहोला ।

八王子市　おむつ袋 [खोज्नुहोस्]

## जनावरका लासहरु

### 1. जनावरका लासहरु तपाँई आफैले फोहोर संकलन केन्द्रमा लिएर आउनु पर्नेछ ।

<शुल्क> प्रति लास 1000 येन

<लिएर आउनुपर्ने स्थान> तोबुकि क्लिन सेन्ट (तोबुकि फोहोर-मैला जलन भट्टी)
(1916 तोबुकि माची ☎042-692-5389)

<कार्यालय समय> सोमबार- शुक्रबार तथा हरेक महिनाको चौथो आइतबार
बिहान 8:30 देखि अपरान्ह 4:00 बजे सम्म
(वर्षको अन्त देखि नयाँ वर्षको विदा, राष्ट्रिय विदा बाहेक )

### 2. यदि तपाँई संकलनको लागि अनुरोध गर्नुहुन्छ भने(अग्रिम रुपमा आवेदन दिएर)

<शुल्क> प्रति लास 2500 येन

<आवेदन दिने तरीका> तपाँईको नजिकको फोहोर संकलन केन्द्रमा फोन गर्नुहोस् ।(पेज नम्बर 14 हेर्नुहोला)
※टामा न्यू टाउनका बासिन्दा हुनुहुन्छ भने ताते फोहोर संकलन केन्द्रमा फोन गर्नुहोला ।
(फोन नम्बर ☎042-665-2531 )

<फोन उठ्ने समय> (वर्षको अन्त देखि नयाँ वर्ष को बिदा बाहेकका राष्ट्रिय विदामा समेत )
बिहान 8:30 देखि अपरान्ह 5:15 बजे सम्म

## नगरपालिकाको फोहोर संकलन केन्द्रले संकलन पनि नगर्ने, बुझिलिन नसक्ने वस्तुहरु

**सोधपुछका लागि फोहोर मैला व्यवस्थापन सुझाब केन्द्र (☎ 0570-550-530)**

### घरायसी सामान पुन:प्रयोग कानुनले तोकेको वस्तुहरु

**एयर कण्डिसनर**



**टेलिभिजन सेट (सबै प्रकारका)**



**रेफ्रिजेरेटर, फ्रिजर, कुलर/वार्मर बक्स**



**वासिङ मेसिन**



**लुगा सुकाउने ड्रायर**



- फोहोर तह लगाउने तलका मध्ये कुनै एक तरिका छान्नुहोस् ।
  1. पहिले खरिद गरेको स्टोरले उठाउने अथवा नयाँ खरिद गर्ने स्टोरले उठाइदिने
  2. हाचीओजी नगरपालिकाको होमपेजमा उल्लेख भएको संकलन केन्द्रमा लिएर जाने

     [八王子市　家電リサイクル] [खोज्नुहोस्]
  3. नगरपालिकाले तोकेको संकलन गर्ने कम्पनि मार्फत तह लगाउने व्यवस्था मिलाउने

     तोकिएका कम्पनिहरु; सान्वा कोग्यो फोन नम्बर ☎042-691-1805, कुदो स्योतेन ☎042-636-7548, दाइईची सिगेन ☎042-644-2103, खान्क्यो सिस्टम सर्भिस ☎042-625-8016, नानेई साङ्ग्यो ☎042-636-1113
- तह लगाएको पुन:प्रयोग शुल्क लाग्ने छ । शुल्कको लिस्ट वेबसाइटमा छ । विद्युतिय घरायसी सामानको लागि रिसाइकल टिकट सेन्टरको पेज मा हेर्न सक्नु हुन्छ । <http://www.rkc.aeha.or.jp/>
- संकलन गरेको डेलिभरि चार्ज लाग्न सक्छ । तपाँईको स्थानिय डेलिभरि एजेन्ट अथवा संकलन केन्द्रमा सोध्नुहोला ।

### पर्सनल कम्प्युटर

**डेस्क टप तथा बक्स टाइपका मनिटर**



**डेस्क टप पर्सनल कम्प्युटर**



**नोटबुक पर्सनल कम्प्युटर**



**पातला खालका मनिटर**



**संकलन गर्नको लागि आवेदन कसरी गर्ने ?**

PC リサイクル

**१. सम्बन्धित कम्प्युटर निर्माता कम्पनिमा आवेदन गर्ने**

PC 3R प्रमोशन सेन्टरको वेबसाइट हेर्नुहोला । [パソコン3R] [खोज्नुहोस्]

※PC रिसाइकलको चिन्ह अंकित नभएको कम्प्युटर हो भने रिसाइकल चार्ज लाग्नेछ । लाग्ने रिसाइकल चार्जको लागि सम्बन्धित कम्प्युटर निर्माता कम्पनिमा सम्पर्क गर्नुहोस् ।

२. Renet Japan Co., Ltd मा आवेदन गर्ने [リネットジャパン] [खोज्नुहोस्]

"Renet Japan कम्प्युटरमा रिसाइकल चिन्ह भए पनि नभएपनि आवेदन परेको हरेक कम्प्युटर सेटको रिसाइकल नि:शुल्क हुनेछ । थप जानकारीको लागि Renet Japan को वेबसाइट हेर्नुहोला ।"

※प्याकिङ साइज र तौल विशेष्टिकृत हुनेछ ।

※फ्याक्स मार्फत आवेदन दिन चाहनेको लागि नगरपालिकाको अफिसको दोस्रो तल्ला फोहोर मैला नियन्त्रण शाखा तथा हरेक नागरिक सेवा शाखामा आवेदन फारम उपलब्द छ ।

### अन्य

**गाडीका ब्याट्रिहरु**



**गाडीका पार्ट-पुर्जाहरु**



**पेन्टिङ रंगहरु**




**आगलागी नियन्त्रण सिलिन्डर**



यस प्रकारका वस्तुलाई विशेष प्रकारले तह लगाउनु आवश्यक हुन्छ र नगरपालिकाको फोहोर संकलन केन्द्रमा नस्ट गर्न सकिंदैन ।

निर्माता कम्पनि अथवा सम्बन्धित विशेषज्ञसंग परामर्श गर्नुहोला ।

थप जानकारीको लागि फोहोर-मैला व्यवस्थापन सुझाव केन्द्रमा सम्पर्क गर्नुहोला ।

(☎0570-550-530)

あなたのみちを、あるけるまち。八王子

प्राकृतिक प्रकोपको अवस्थामा फोहोर संकलन गरिने छैन । यस्तो अवस्थामा थप जानकारीको लागि तपाँईको नगरपालिकोको होमपेज हेर्नुहोला ।

# तपाँई बसोबास गर्ने वार्डको फोहोरमैला संकलन हेर्ने निकाय

गलत फोन नम्बरमा डायल गर्नेहरु पनि धेरै पाइएको छ । फोन डायल गर्दा फोन नम्बर ठिक छ कि छैन राम्रोसंग चेक गरेर फोन गर्नुहोला ।

## वृहत मैला

**पिकअप आरक्षणहरू** क्षेत्रलाई ध्यान नदिई सामान्य रद्दी टोकरी परामर्श गर्ने केन्द्रमा मार्फत गर्नु पर्छः नाभी-डायल ナビダイヤル **0570-550-530** ※तपाई नाभी-डायल प्रयोग गर्न सक्नुहुन्न भने कृपया त्यसको सट्टामा ☎042-696-5377 मा फोन गर्नुहोस्।

**ड्रप अफ आरक्षणहरू** तोबुकी स्वच्छ केन्द्रमा मार्फत गर्नु पर्छः **☎042-696-5851** ※टामा न्यू टाउन क्षेत्रमा बस्नुहुने मानिसहरूले वस्तुहरू टामा फोहोर जलाउने प्लान्ट मा ल्याउन सक्नुहुन्छ (विवरणहरूका लागि पृष्ठ 11 मा हेर्नुहोस्)।

## तोबुकी फोहोरमैला संकलन केन्द्रः आसाकावा रिभर नर्थ एरिया इन्चार्ज(मिनामि आसाकावा) ☎ 042-691-2891 (फ्याक्स:042-691-7678)

आकाचुकि-च्यो 1～3 च्योमे, ईसिकावा-माची, इजुमी-च्यो, ईनुमे-माची, उचुकी-माची, उमेचुबो-माची, ओया-माची, ओवादा-माची, 1～7 च्योमे, ओसाकि-माची ,ओचु-माची, कासुमी-माची 1～2 च्योमे, कानोउया-माची, कामी-चिबुकाता-माची, कामी ओङ्गाता-माची, कामीकावा-माची, कावा-माची, कावागुची-माची, कियोकावा-च्यो, कुबोयामा-च्यो, 1～2 च्योमे, कोमीया-माची, सानयु-माची, सिमोओङ्गाता-माची, शिरोयामाते 1～2 च्योमे, सुवा-माची, ताइरा-माची, दाइराकुजी-माची, ताकाकुरा-माची, ताकाचुकी-माची, ताकियामा-माची 1～2 च्योमे, ताङ्गी-माची 1～3 च्योमे, तोदोरी-माची, तोबुकी-माची,नाकानोकामी च्यो 1～5 च्योमे, नाकानो- साननो 1～3 च्योमे, नाकानो-माची, नागाबुसा-माची, नाराहारा-माची, निशीतेराकाता-माची, निबुकाता-माची, फूजीमी-च्यो, मारुयामा-च्यो, मिचुइदाइ 1～2 च्योमे, मियाशिता-माची, मियामा-च्यो, मोतो-हाचीओजी-माची 1～3 च्योमे, यानो-माची, योकोकावा-माची, योचुया-माची

## ताते फोहोरमैला संकलन केन्द्रः आसाकावा रिभर साउथ एरिया इन्चार्ज ☎ 042-665-2531 (फ्याक्स:042-662-2926)

आसाही-च्यो, आजुमा-च्यो, उएनो-माची, उचुनुकी-माची, उराताकाओ-माची, ओइवाके-च्यो, ओफुने-माची, ओयोको-च्यो, ओकादोउएनो-माची, काताकुराउएनो-माची, *कामी यूगी, कितानोदाई 1～5 च्योमे, कितानो-माची, किनुगाओका 1～3 च्योमे, कुनुगिदा-माची, कोबिकी-माची, कोयासु-माची 1～4 च्योमे, सान्दा-माची 1～5 च्योमे, *सिमो युगी, शिन-च्यो, सेननीन-च्यो 1～4 च्योमे, दाइ-माची 1～4 च्योमे, ताकाओ-माची, ताते-माची, ता-माची, तेरादा-माची, तेरा-माची, तेन्जीन-च्यो, नाका-च्यो, नागा-नुमा-माची, नाकायामा, नानाकुनी 1～6 च्योमे, नामीकी-च्यो, नानयोदाइ 1～3 च्योमे, निसीआसाकावा-माची, निसीकाताकुरा 1～3 च्योमे, हाजामा-माची, हाचीमान-च्यो, हाचुजावा-माची, हिगासीआसाकावा-माची, ह्योउए 1～2 च्योमे, हियोसी-च्यो, हिराओका-च्यो, *होरिनोउची, होन-च्यो, होङ्गो-च्यो, मिसाकी-च्यो, मिदोरी-च्यो, मिनामासाकावा-माची, मिनामीशीन-च्यो, मिनामीनो 1～6 च्योमे, मिनामी-च्यो, म्योजिन-च्यो 1～4 च्योमे, मेजिरोदाइ 1～4 च्योमे, मोतोहोङ्गो-च्यो 1～4 च्योमे, मोतोयोकोयामा-च्यो 1～3 च्योमे, यागी-च्यो, यामाता-माची, *यारिमिजु , योका-माची, योकोयामा-च्यो, योरोजु-च्यो

(*तामा न्यू टाउन एरीया बाहेक)

## मिनामीओसावा फोहोरमैला संकलन केन्द्रः तामा न्यु टाउन एरिया इन्चार्ज ☎ 042-674-0551 (फ्याक्स:042-677-5971)

ओचुका, काशिमा, कामी युगी 2～3 च्योमे, कोशिनो, सिमो युगी 2～3 च्योमे, हिगाशीनाकानो, बेस्सो 1～2 च्योमे, होरिनोउची 2～3 च्योमे, माचुगाया, माचुगी, मिनामीओसावा 1～5 च्योमे, यारीमिजु 2 च्योमे तथा कामी युगी, सिमो युगी, होरिनोउची र यारी मिजुका केही भाग ।

### फोहोर र पुनः प्रयोग योग्य सामग्री हटाउन नदिनुहोस्

व्यक्तिको घरबाट वा सङ्कलन क्षेत्रमा सङ्कलनका लागि राखिएको फोहोर वा नवीकरणीय फोहोरमैला लैजाने क्रमलाई अध्यादेशद्वारा निषेध गरिएको छ। यस अध्यादेश विरूद्ध भएका व्यक्तिहरूबारे प्रहरीलाई रिपोर्ट गर्न र ¥200,000 सम्मको जरिवाना जारी गर्न सकिन्छ। तपाईंले फोहोर वा नवीकरणीय फोहोरमैला लगिरहेको कसैलाई देख्नुहुन्छ भने कृपया उहाँहरूलाई सोझै आग्रह नगर्नुहोस्। समय, स्थान, लगिसकेको फोहरको प्रकार वा नवीकरणीय फोहोरमैला र सवारी साधनको नम्बर वा वस्तुहरू लिएर जाने व्यक्तिबारे विवरणहरूको नोट लिनुहोस् र रद्दी टोकरी कटौती गर्ने विभाग (☎042-620-7256) मा सम्पर्क गरेर हामीलाई थाहा दिनुहोस्

### फोहोर-मैलालाई गैर-कानुनी रुपमा डम्पिङ गर्नु अपराध हो ।

उलंघनकर्ता "फोहोरमैला व्यवस्थापन तथा सार्वजनिक सफाई ऐन" अनुसार सजायको भागिदार हुनेछ ।

उलंघनकर्ता व्यक्ति भएमा : उलंघन गरेको भेटिएमा 5 वर्ष सम्मको जेल सजाय अथवा 1 करोड येन सम्मको जरिबाना (अथवा दुवै सजाय र जरिबाना)

उलंघनकर्ता संस्थागत भएमा: 30 करोड येन सम्मको जरिबाना

प्रकाशक:

स्रोत रिसाइकल विभाग
फोहोरमैला नियन्त्रण शाखा

फोन : 042-620-7256
फ्याक्स : 042-626-4506
ईमेल : b480100@city.hachioji.tokyo.jp

VEGETABLE OIL INK

リサイクル適性Ⓐ
この印刷物は、印刷用の紙へリサイクルできます。

सार्वजनिक स्थानहरूमा अवैध डम्पिंग, दहनयोग्य फोहोर, जलाउन नहुने फोहोर र पुन: प्रयोग योग्य सामग्रीहरूको स्कलनको उपायहरू सम्बन्धी कृपया माथि उल्लेखित सफाई कार्यालयको सल्लाह लिनुहोस्।